**Journal of Tikapur Multiple Campus**
Vol.8; February 2025
ISSN: 2382-5227
Published by Research Management Committee (RMC)
Tikapur Multiple Campus, Kailali, Nepal

# नेपालको उच्च शिक्षामा उपयोग गर्न सकिने विशेष शैक्षणिक रणनीति र नमुना

डा. विष्णुप्रसाद शर्मा
उपप्राध्यापक, नेपाली शिक्षा विभाग, पृथ्वीनारायण क्याम्पस
Corresponding Author's Email: sharmabishnu997@gmail.com

## सारसङ्क्षेप

पाठ्यक्रमले अपेक्षा गरेका उद्देश्यलाई उपलब्धिमूलक बनाउनमा शिक्षण विधि र रणनीतिको महत्त्वपूर्ण भूमिका रहन्छ । यस सन्दर्भमा नेपालको उच्च शिक्षामा उपयोग गर्न सकिने शिक्षण सिकाइका विशेष रणनीति र नमुनाको खोजी गर्नु प्रस्तुत अनुसन्धानमूलक लेखको मुख्य उद्देश्य हो । अध्ययनका लागि गुणात्मक विधि र व्याख्यावादी दर्शनको उपयोग गरिएको छ । अध्ययनमा व्यवहारवादी, संज्ञानवादी र निर्माणवादी सिकाइ सिद्धान्तलाई आधार बनाइएको छ। अध्ययनको ढाँचा पाठ विश्लेषण रहेको छ। यसका लागि पुस्तकालय कार्यमा आधारित भई अनुसन्धान प्रबन्ध, अनुसन्धान ग्रन्थ, पुस्तक, र अनुसन्धानमूलक लेखबाट आवश्यक तथ्याङ्क सङ्कलन गरी तिनको विषयगत (थिमेटिक) विश्लेषण गरिएको छ। तथ्यको अध्ययनका आधारमा उच्च तहको शैक्षणिक कार्यमा बाह्य अर्थात् प्राज्ञिक पक्षसँग, आन्तरिक अर्थात् प्राज्ञिक पक्षसँग तथा सिकारुमैत्री र सहभागितामूलक सिकाइसँग सम्बन्धित रणनीति अवलम्बन गर्न आवश्यक रहेको देखिन्छ। यसै गरी उक्त कार्यमा विशेष शैक्षणिक नमुना (विधि) र कार्यकलाप उपयोग गर्न आवश्यक छ। त्यस्ता नवीन नमुनाहरूमा एबिसी नमुना, एकीकृत (थ्रिपी), नमुना, सहभागितात्मक कार्यमूलक अनुसन्धान सिकाइ नमुना, टिप्याक सिकाइ नमुना, फ्लिप्ड सिकाइ नमुना, परियोजना कार्य सिकाइ नमुना, खेल र कला केन्द्रित सिकाइ नमुना, टिम्स केन्द्रित सिकाइ नमुना, एक्काइसौँ शताब्दीको सिप केन्द्रित सिकाइ नमुना मुख्य रहेका छन्। यस प्रकारका शिक्षण सिकाइमा आधारित रणनीति, नमुना र विधि तथा कार्यकलापको उपयोग पाठ्यवस्तुको प्रकृति र कक्षाको स्तरका आधारमा गर्न उपयुक्त हुन्छ।

**मुख्य शब्दावली :** उच्च शिक्षा, रणनीति, नमुना, कार्यकलाप, फ्लिप्ड सिकाइ

*Copyright 2025 © Author(s)* *This open access article is distributed under a Creative Commons Attribution-Non Commercial 4.0 International (CC BY-NC 4.0) License.*

## परिचय

सिकाइलाई सिकारुको ज्ञान, व्यवहार र विचारमा आउने स्थायी परिवर्तनका रूपमा लिइन्छ । सिकाइ कसरी हुन्छ भन्ने विषयमा व्यवहारवादी, मनोवादी र निर्माणवादीहरूले विभिन्न मान्यता अघि सारेका छन् । यसैका सापेक्षतामा रहेर विभिन्न पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण भएका छन् । शिक्षण प्रक्रिया, विधि र रणनीतिहरू निर्धारण भएका छन् । यही सिकाइ सहजीकरण वा शिक्षण सिकाइ प्रक्रियाले नै पाठ्यक्रममा निर्धारण भएका उद्देश्यलाई उपलब्धिमूलक बनाउन सहयोग गर्छ । अतः सिकाइ रणनीति वा सहजीकरण सिकाइका अनुभवलाई ज्ञान निर्माणमा उपयोग गर्ने माध्यम वा तरिका हो ।

नेपालको वर्तमान शिक्षाको संरचनाअनुसार स्नातक तहदेखि विद्यावारिधि तहसम्मलाई उच्च शिक्षाका रूपमा लिइएको छ । यस तहमा प्रायः व्याख्यान, छलफल, प्रश्नोत्तरजस्ता शिक्षण विधिहरू प्रयोग हुँदै आएका छन् । यस्ता परम्परित विधि तथा कार्यकलापको उपयोगले सिकारुको ज्ञान, सिप र धारणामा खासै परिवर्तन आएको देखिँदैन । यही तथ्यलाई मनन गरी शिक्षण सिकाइका क्षेत्रमा नवीन विधि, रणनीति तथा नमुनाहरूको उपयोग गर्न थालिएको छ । हुनत, यसपूर्व क्राओफोर्ड र अन्य (सन् २०१०), रिचर्डस र रोजर्स (सन् २०१६), फ्रिमेन र एन्डर्सन (सन् २०१६), रेड्स्मा र अन्य, सम्पा. (सन् २०१७), हेरिस (सन् २०१६), शर्मा (२०८१) ले विद्यालय तथा विश्वविद्यालय तहमा केन्द्रित भई शिक्षण सिकाइका विधि र रणनीतिको उल्लेख गरेका छन् । यसो भए तापनि नेपालको उच्च शिक्षामा केन्द्रित भई सिकाइ सहजीकरणका रणनीतिका विषयमा स्पष्ट चर्चा भएको पाइँदैन । यही अनुसन्धान अन्तराल पूरा गर्ने कार्य प्रस्तुत अध्ययनमा गरिएको छ । यसबाट पनि यस अध्ययनको औचित्य स्पष्ट हुन्छ ।

यसै सन्दर्भमा नेपालको उच्च शिक्षामा अपनाउन सकिने शिक्षण सिकाइका नवीन विधि, रणनीति र नमुनाहरूको खोजी गर्नु प्रस्तुत अनुसन्धानको उद्देश्य हो । नेपालको उच्च शिक्षामा नवीन शिक्षण विधि र रणनीतिको उपयोग गरिन्छ भन्नु यस अनुसन्धानको दाबी (क्लेम) हो । अनुसन्धानका यिनै उद्देश्य र दाबीमा केन्द्रित भई प्रस्तुत अनुसन्धानका मुख्य दुई ओटा अनुसन्धान प्रश्न रहेका छन् : (क) नेपालको उच्च शिक्षामा अपनाउन सकिने

शिक्षण सिकाइका रणनीति कुन कुन हुन् (ख) नेपालको उच्च शिक्षामा विभिन्न विधि तथा रणनीतिलाई कसरी उपयोग गर्न सकिन्छ ? यिनै प्राज्ञिक जिज्ञासाको खोजीबाट नेपालको उच्च शिक्षाको शैक्षणिक क्षेत्रमा सुधार ल्याउन यस अध्ययनको महत्त्व रहेको छ। अध्ययनलाई विश्वविद्यालय तहको स्नातकदेखि विद्यावारिधिसम्मको शिक्षण सिकाइमा परिलक्षित गरिएको छ ।

## पूर्वकार्यको पुनरावलोकन

सम्बन्धित तहको पाठ्यक्रमले निर्धारण गरेका लक्ष्य र उद्देश्यलाई पूरा गराउने उपयुक्त माध्यम शिक्षण सिकाइ कार्यकलाप हो । सिकाइ सहजीकरण, सिकाइ रणनीति, शिक्षण सिकाइका नमुनालगायत कार्य शिक्षण सिकाइका विकसित र परिवर्तित रूप हुन् । उच्च तहको शैक्षणिक क्षेत्रमा सुधार ल्याउन विविध रणनीति र शिक्षण नमुनाको खोजी कार्य भइरहेको देखिन्छ। यस सन्दर्भमा प्रस्तुत अध्ययनसँग सम्बन्धित भएर यस पूर्व गरिएका केही कार्यहरूको पुनरावलोकन यहाँ क्रमशः गरिएको छ ।

क्राओफोर्ड र अन्य (सन् २०१०) द्वारा शिक्षण सिकाइका विषयमा नवीन चिन्तन र दृष्टिकोण प्रस्तुत गरिएको छ। यस अध्ययनमा सहकार्यात्मक सिकाइ, एबिसी सिकाइ नमुना तथा रणनीतिको चर्चा गरिएको छ। यसै गरी रिचर्डस र रोजर्स (सन् २०१६) द्वारा गरिएको अध्ययनमा बिसौँ शताब्दीअनुकूलका शैक्षणिक विधि र पद्धतिअन्तर्गत सम्प्रेषणात्मक पद्धतिलाई महत्त्व दिइएको छ। व्याकरण शिक्षणमा पाठ र सन्दर्भकेन्द्रित सिकाइ महत्त्वपूर्ण हुने उल्लेख छ (पृ. २०४-२२१)। यस्तै फ्रिमेन र एन्डर्सन (सन् २०१६) को अध्ययनमा सहभागितामूलक सिकाइमा जोड दिइएको छ। पौडेल (२०७९) ले भाषिक विधा शिक्षण गर्दा विशेष शैक्षणिक कार्यकलापअन्तर्गत परियोजना कार्य, कक्षा सहभागिता, प्रस्तुतीकरण, अभ्यास, उत्पादन, पृष्ठपोषणजस्ता कार्य अपनाउन सकिने बताएका छन् ।

उच्च शिक्षामा अपनाउन सकिने नवीन शिक्षण विधि र रणनीतिअन्तर्गत हेरिस (सन् २०१६) तथा रेड्स्मा र अन्य (सम्पा.) (सन् २०१७) ले फ्लिप्ड सिकाइ नमुना उपयोगी हुने बताएका छन् । यस नमुनाबाट सिकाइ गर्दा विद्यार्थी स्वतन्त्रतापूवक विश्वविद्यालयभित्र र बाहिर सिकाइमा संलग्न हुन सक्ने तर्क उनीहरूको छ । यसै गरी शर्मा (२०८१) ले नेपाली भाषा सिकाइ सहजीकरणका लागि सहभागितामूलक र सिकारुमैत्री सिकाइ आवश्यक रहेको

उल्लेख गरेका छन् । अध्ययनमा कार्यमूलक सिकाइ नमुना अर्थपूर्ण सिकाइको आधार हुने तथ्यमा जोड दिइएको छ । यस्तै शिक्षाशास्त्र सङ्काय डीनको कार्यालयद्वारा प्रकाशित क्षमता अभिवृद्धि कार्यक्रम (सन् २०२४) पुस्तकमा सहभागितामूलक र नवप्रवर्तनात्मक पेडागोजीमा जोड दिइएको छ । यसै गरी एसिस्मेन्टमा आधारित शिक्षण सिकाइ, प्रविधिमैत्री सिकाइ, बजारकेन्द्रित शिक्षा र अनुसन्धान तथा प्रकाशनबाट नै उच्च तहको शिक्षण सिकाइ कार्यमा गुणात्मक वृद्धि हुने जनाइएको छ ।

यहाँ उल्लेख गरिएका केही सम्बद्ध पूर्वाध्ययनहरूले शिक्षण सिकाइका विविध उपाय, रणनीति र विधिको चर्चा गरेका छन् । कार्यमूलक शिक्षण सिकाइ र सहभागितामूलक सहजीकरणमा जोड दिएका छन् । यसो भए तापनि उक्त अध्यनयहरूमा नेपालको उच्च शिक्षामा अपनाउन सकिने विशेष रणनीति र सिकाइ नमुनाका विषयमा एकीकृत रूपले स्पष्ट चर्चा गरिएको पाइँदैन । उक्त कार्यहरूले अध्ययन विधि र ढाँचाका विषयमा पनि स्पष्ट पारेको पाइँदैन । यसर्थ यही अनुसन्धान रिक्तता पूरा गर्ने कार्य प्रस्तुत अध्ययनमा गरिएको छ । अध्ययनमा नेपालको उच्च शिक्षामा अपनाउन सकिने विशेष शैक्षणिक रणनीति, विधि, कार्यकलाप र सिकाइ नमुनाका बारेमा प्राप्त सामग्रीका आधारमा यथेष्ट चर्चा गरिएको छ । यसबाट सम्बन्धित तहका शिक्षक तथा विद्यार्थीका लागि आफ्नो कार्य क्षेत्रमा सुधार ल्याउन मद्दत मिल्ने देखिन्छ ।

## सैद्धान्तिक ढाँचा

प्रस्तुत अनुसन्धान शिक्षण सिकाइसँग सम्बन्धित छ । यसो हुनाले यस अनुसन्धानको सम्बन्ध व्यवहारवादी, मनोवादी र निर्माणवादी सिकाइ सिद्धान्तसँग रहेको छ । प्याभलभ स्किनर, फ्राइज, वेन्रिखलगायतद्वारा स्थापित र विकसित व्यवहारवादी सिकाइ सिद्धान्तका अनुसार शिक्षण गर्दा शिक्षकले उपयुक्त उत्तेजनाको निर्माण गरी सिकारुमा सकारात्मक प्रतिक्रियाका लागि सहयोग पुर्‍याउँछन् भन्ने मान्यता रहन्छ (सङ्क, सन् २०१२, पृ. ९१) । यसमा अभ्यास तथा पुनरावृत्तिका माध्यमबाट सिकारुमा भाषिक सिप तथा पक्षको विकास गर्न र सिकाइका लागि बानी निर्माण गर्न अनुभववादी दर्शन र व्यवहारवादी मनोविज्ञान सिद्धान्त उपयुक्त हुन्छ । उच्च तहका सिकारुलाई सिकाइका लागि अनुकूल वातावरणको

निर्माण गर्न र सिकाइलाई लक्ष्यकेन्द्रित, व्यावहारिक तथा विशिष्ट बनाउन व्यवहारवादी सिद्धान्तको उपादेयता देखिन्छ ।

थर्नडाइक, जिन पियाजे, चम्स्कीलगायतद्वारा स्थापित र विकसित मनोवादी अर्थात् संज्ञानवादी सिकाइ सिद्धान्तलाई पनि प्रस्तुत अनुसन्धानमा उपयोग गर्न सकिने प्रशस्त आधार छन् । सिकाइमा पाइने वैयक्तिक भिन्नता, रुचि, आवश्यकता र स्तरका आधारमा सिकाइ सहजीकरणका रणनीति अवलम्बन गर्न मनोवादी सिद्धान्त उपयोगी हुन्छ (जु र ब्राउन, सन् २०१५, पृ. १६) । स्वतन्त्र वातावरणका साथ सरल र स्वाभाविक किसिमले सिकाइ सहजीकरण गर्न मनोवादी सिद्धान्तको उपादेयता देखिन्छ । सिकाइमा सिकारुको तर्क, अन्तर्दृष्टि, सुझ र धारणाको उपयोग गरी सिकाइलाई सिर्जनात्मक र अर्थपूर्ण बनाउन उच्च तहको शिक्षामा संज्ञानवादी सिद्धान्तको महत्त्व रहन्छ । यसै गरी सिकारुकेन्द्रित सिकाइ गर्न, पूर्ण प्रत्यक्षीकरणमा आधारित सिकाइ सहजीकरणका कार्यकलाप सञ्चालन गर्न तथा सिकाइका मानसिक अनुभवमा परिवर्तन र परिपक्वता ल्याउन सहयोग गर्ने संज्ञानवादी सिद्धान्तको उपादेयता प्रस्तुत अनुसन्धानसँग रहेको छ ।

रसियन मनोवैज्ञानिक भिगोत्स्की (सन् १८९६-१९३४) को 'सामाजिक सांस्कृतिक निर्माणवादी सिकाइ सिद्धान्तको सम्बन्ध प्रस्तुत अनुसन्धानसँग अझ बढी देखिन्छ। भिगोत्स्कीको यो सिद्धान्तलाई जोन डिबेको एक्स्पेरिमेन्टल लर्निङ थ्योरी र जिन पियाजेको 'कग्निटिभ कन्स्ट्रक्टिभिस्ट लर्निङ थ्योरी' को जगबाट विकसित र परिष्कृत नवीन सिद्धान्त मानिन्छ । भिगोत्स्कीको 'माइन्ड एन्ड सोसाइटी' (१९७६) र 'थर्ट एन्ड ल्याङ्वेज' (१९८६) कृतिमा आधारित निर्माणवादी सिकाइ सिद्धान्तका 'सम्भाव्य विकासको क्षेत्र' (जेडपिडी), 'संरचनातमक टेवा' (स्काफोल्डिङ) र 'शिक्षक विद्यार्थी अन्तर्क्रिया' (टिचर स्टुडेन्ट इन्ट्रयाक्सन) गरी यी तीन अवधारणा सिकाइ सहजीकरणमा उपयुक्त मानिएका छन् । सिकारुमा ज्ञान निर्माण गर्न, सिकाइलाई अर्थपूर्ण बनाउन र सिकारुको सिकाइलाई समाज तथा संस्कृतिसँग जोड्न उच्च तहको शैक्षणिक क्षेत्रमा निर्माणवादी सिद्धान्तको महत्त्व रहन्छ ।

## अध्ययन विधि र प्रक्रिया

प्रस्तुत अनुसन्धान गुणात्मक विधिमा आधारित छ । अनुसन्धानमा व्याख्यावादी दृष्टिकोण तथा व्यवहारवादी, मनोवादी र निर्माणवादी सिकाइ सिद्धान्तको उपयोग गरिएको छ। अनुसन्धानको ढाँचा पाठ विश्लेषण रहेको छ। अनुसन्धानको दार्शनिक पक्ष तथा तथ्याङ्क सङ्कलन र विश्लेषणका विधिलाई निम्नानुसार क्रमशः स्पष्ट पारिएको छ :

### दार्शनिक स्थिति

प्रस्तुत अनुसन्धानले बहुल सत्यमा विश्वास गर्ने भए तापनि यहाँ उच्च तहको शैक्षणिक क्षेत्रमा अपनाउन सकिने नवीन शिक्षण विधि र रणनीतिलाई सत्यका रूपमा लिइएको छ । यसै गरी सिकाइ सहजीकरणका सिद्धान्त र द्वितीय स्रोतबाट प्राप्त शिक्षण सिकाइसम्बन्धी विधि, धारणा, मान्यता र रणनीतिलाई ज्ञानको स्रोतका रूपमा लिइएको छ । यसै गरी अनुसन्धानबाट प्राप्त निष्कर्षलाई मूल्यका रूपमा लिइएको छ । यस्तो मूल्यलाई सापेक्ष वा उपयोगितावादी कोणबाट हेरिएको छ । अनुसन्धानमा तथ्यबाट प्राप्त तर्क र साक्ष्यलाई मूलतः लम्बीय आधारमा प्रस्तुत गरिएको छ ।

### तथ्याङ्क सङ्कलन र विश्लेषण विधि

प्रस्तुत अनुसन्धानका लागि द्वितीयक स्रोतबाट तथ्य सङ्कलन गरिएको छ । यसमा मुख्यतः शोधपत्र, सन्दर्भ ग्रन्थ, पुस्तक, अनुसन्धानमूलक लेखलाई आधार बनाइएको छ । विशेष गरी विश्वविद्यालय तहको शिक्षण सिकाइका लागि सहयोग पुग्ने तथ्यलाई प्राथमिकता दिइएको छ । उपलब्ध तथ्यसँग परिचित हुने, तथ्याङ्कलाई सङ्गठित गर्ने, तिनको सङ्केतन गर्ने र सङ्केतनका आधारमा विषयवस्तु वा सार (थिम) को निर्माण गरिएको छ । यसै गरी उद्देश्यअनुसार तथ्याङ्कको कार्यकारण सम्बन्ध कायम गरी त्यसको व्याख्या, विश्लेषण र प्रतिबिम्बनका साथ निष्कर्षमा पुगिएको छ । तथ्याङ्कको विश्लेषणमा सिकाइ सिद्धान्तलाई आधार बनाइएको छ । तथ्याङ्कको सङ्कलन र विश्लेषणमा गुणात्मक अनुसन्धानका मानक आधारलाई अवलम्बन गरी नैतिक मूल्यको सुनिश्चितता कायम गरिएको छ । पूर्व अध्येतासँग संवाद गरी तर्क र साक्ष्यका आधारमा छलफललाई विश्वसनीय बनाइएको छ ।

## परिणाम र छलफल

'शिक्षण' र 'सिकाइ' एक सिक्काका दुई पक्ष हुन् । 'शिक्षण' शिक्षककेन्द्रित र 'सिकाइ' सिकारुकेन्द्रित अवधारणा हो । यी दुई शब्द मिलाएर अहिले 'सिकाइ सहजीकरण' शब्दको प्रयोग गरिन्छ । शिक्षण सिकाइ क्रियाकलापको नवीन र विकसित अवधारणाका रूपमा आएको 'सिकाइ सहजीकरण' लाई विद्यार्थी केन्द्रित शिक्षण सिकाइका रूपमा लिइन्छ । यसमा सिकारु सक्रिय खोजकर्ता र शिक्षक सहजकर्ता, उत्प्रेरक र अवलोकन कर्ताका रूपमा रहन्छन् (फ्रिमेन र एन्डर्सन, सन् २०१६) । समूह कार्य, भाषिक खेल, अन्तर्क्रियाजस्ता सिकाइ सहजीकरणजन्य कार्यकलापबाट सिकारुका सिकाइ अनुभवलाई उपलब्धिमूलक बनाउन र सिकाइमा सकारात्मक परिवर्तन ल्याउन मद्दत पुग्छ । अतः सिकाइ सहजीकरण शैलीलाई अब विद्यालय तहदेखि विश्वविद्यालय तहसम्म नै उपयोग गर्न आवश्यक छ । खास गरी विश्वविद्यालय तहको शिक्षण सिकाइमा उपयोगमा ल्याउन सकिने रणनीतिहरूलाई बाह्य, आन्तरिक र विशेष गरी तीन आधारमा विश्लेषण गरिएको छ ।

### बाह्य (प्राविधिक) पक्षसँग सम्बन्धित रणनीति

विद्यालय तहमा उपयोग गरिने शैक्षणिक कार्यकलापहरू प्रायः सिपमूलक, अभ्यासात्मक र आगमनात्मक हुन्छन् भने विश्वविद्यालय तहमा उपयोग गरिने शैक्षणिक गतिविधिहरू संज्ञानात्मक, धारणामुखी र सम्पादनात्मक प्रकृतिका हुने गर्छन् । यसका आधारमा शिक्षण सिकाइका क्रममा यी दुवै तहमा मूलतः बाह्य (प्राविधिक) पक्षसँग सम्बन्धित र आन्तरिक (प्राज्ञिक) पक्षमा आधारित कार्यकलाप तथा रणनीति अवलम्बन कार्य आवश्यक छ (शर्मा, २०८१, पृ. १४५-२२४) । बाह्य वा प्राविधिक पक्षसँग सम्बन्धित कार्यकलापहरूमा निरन्तर मूल्याङ्कन, सिर्जनात्मक र परियोजना कार्य, कक्षाकार्य, गृहकार्य, समूहकार्य, सहयोगात्मक सिकाइ, सहकार्यकलाप, सिकाइका क्रममा समूह निर्माण र समूह नेताको चयनलाई महत्त्व दिन आवश्यक छ । यसै गरी सिकाइ सहजीकरणजन्य कार्यकलापको उपयोग, शिक्षक विद्यार्थी अन्तर्क्रिया, सिकाइ सहजीकरणको क्रम र उत्प्रेरणाको चरण, ज्ञान निर्माणको चरण र सुदृढीकरणको चरणलाई प्राथमिकता दिनुपर्छ (क्राओफोर्ड र अन्य, सन् २०१०, पृ. ५९-७८) । यसका साथै सूचना र प्रविधिको उपयोग,

कक्षा व्यवस्थापन, आत्ममूल्याङ्कन, उत्प्रेरणा र पृष्ठपोषण, सिकारुमैत्री शैक्षणिक सामग्रीको उपयोग, अभिलेख निर्माण, सिकाइमा समान अवसर, सिकाइमा स्वतन्त्रता, सम्मान र सहयोग, भाषेतर कार्यकलापको उपयोगका साथै प्रस्तुतीकरण, अभ्यास र उत्पादनलाई आवश्यकतानुसार महत्त्व दिनु आवश्यक छ ।

### आन्तरिक (प्राज्ञिक) पक्षसँग सम्बन्धित रणनीति

आन्तरिक पक्षसँग सम्बन्धित रणनीतिभित्र आआफ्नो विषय वा विधागत सिपअनुसारका पाठ्यवस्तुसँग सम्बन्धित विधि, कार्यकलाप र रणनीतिहरू पर्दछन् । यसका लागि सिकारुमा सिर्जनात्मक तथा आलोचनात्मक सोच, जिज्ञासामूलक भावना र विश्लेषणात्मक चिन्तनलाई विशेष महत्त्व दिनै पर्छ। आन्तरिक पक्षजन्य सिकाइ कार्यकलापअन्तर्गत भाषा विषय (नेपाली, अङ्ग्रेजी आदि) का लागि विशेष शैक्षणिक कार्यकलापहरू सान्दर्भिक हुन्छन् । जस्तैः सुनाइ सिपअन्तर्गत लयबद्ध पठन, शुद्धोच्चारण, श्रुतिलेखन, श्रुतिबोध, एकाग्र सुनाइ, सस्वरवाचन आदि कार्यकलाप अपनाउन सकिन्छ । यसै गरी बोलाइ सिपअन्तर्गत कथाकथन, अभिनय, वक्तृता, घटना वर्णन, शब्दार्थ र प्रयोग, प्रश्नोत्तर, सहकार्यकलाप आदिको उपयोग गर्न राम्रो हुन्छ । पढाइ सिपअन्तर्गत पठनबोध, लयबद्धपठन, भावबोध, सस्वरपठन, मौनपठन, शब्दार्थ र प्रयोगजस्ता कार्यकलाप वाञ्छनीय हुन्छन् । लेखाइ सिपअन्तर्गत बुँदाटिपोट, सारांशलेखन, अनुच्छेदलेखन, सिर्जनात्मकलेखन, घटनाक्रम मिलाउने, प्रश्नोत्तरलेखन, प्रतिक्रियालेखन, व्यावहारिकलेखन, व्याख्या, लेखन, प्रश्ननिर्माणजस्ता कार्यकलाप गराउनु राम्रो हुन्छ (शर्मा, २०८१, पृ. १६८-१९६) । यसका अतिरिक्त भाषातत्त्व र शब्दभण्डारलाई पनि पाठ र सन्दर्भसँग जोडेर एकीकृत रूपले सिकाउन सजिलो र प्रभावकारी (थर्नबरी, सन् २००२, पृ. ८३) हुन्छ । भाषातत्त्वको पहिचान र प्रयोगका लागि रचनामुखी व्याकरण शिक्षण प्रभावकारी मानिन्छ । शब्दभण्डारमा विद्यार्थी जति खेल्न सक्यो, त्यति उसमा भाषिक क्षमताको वृद्धि हुने देखिन्छ । आवश्यकतानुसार तल्ला कक्षामा सामान्य र सरल कार्यकलाप तथा माथिल्ला कक्षामा विशिष्ट विधि तथा कार्यकलाप उपयोगमा ल्याउन राम्रो हुन्छ । निर्दिष्ट पाठ्यवस्तुलाई निश्चित अनुक्रममा सिकाउन आवश्यक छ ।

## सिकारुमैत्री र सहभागितामूलक सिकाइसँग सम्बन्धित रणनीति

अर्थपूर्ण शिक्षणको आधार नै सिकारुमैत्री र सहभागितामूलक सिकाइ हो। विश्वविद्यालय तहको सिकाइ सहजीकरणलाई सिकारुमैत्री र सहभागितामूलक बनाउने विशेष उपाय छन्। तिनीहरूमध्ये सिकाइ सहजीकरणमा सिकारुको नियमितता, सक्रियता र सहभागिता बढाउन आवश्यक छ। यसका लागि दैनिक विद्यार्थी अभिलेख निर्माण र त्यसको कार्यान्वयन गर्न राम्रो हुन्छ। यसबाट शिक्षक विद्यार्थीलाई आफ्ना कार्यको उपलब्धि पहिचान गर्न सजिलो हुन्छ। यसमा हरेक महलअनुसार राम्रो कार्य गर्नेलाई तीन रेजा (√√√), मध्यम कार्य गर्नेलाई दुई रेजा (√√) र सामान्य कार्य गर्नेलाई एक रेजा (√) लगाउन सकिन्छ। दैनिक विद्यार्थी अभिलेख विवरणलाई तालिका १ मा देखाइएको छ :

**तालिका १**

*दैनिक विद्यार्थी अभिलेख विवरण*

**साप्ताहिक विद्यार्थी अभिलेख विवरण (२०७८।०९।२५ - २०७८।१०।०७ सम्म)**

| क.सं. | विद्यार्थीको नाम | नियमितता | सक्रियता | सहभागिता | कक्षाकार्य | गृहकार्य | परियोजना कार्य | प्रस्तुतीकरण | अभ्यास | उत्पादन |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |

_______________

नेपाली विषय शिक्षक

(शर्मा, २०८१, पृ. २५७)

चित्र १ का अनुसार दैनिक विद्यार्थी अभिलेख निर्माण गरी सिकाइ सहजीकरणलाई प्रभावकारी र उद्देश्यमूलक बनाउन सकिन्छ भन्ने तथ्य स्पष्ट हुन्छ। यसै गरी सिकारुमा नै ज्ञानको निर्माण गराउन प्रयास गर्नुपर्छ। यस कार्यका लागि सन्दर्भ र समस्या केन्द्रित सिकाइ सहजीकरणमा जोड दिन आवश्यक छ। यसका अतिरिक्त सिकाइ सहजीकरणमा सिद्धान्त र व्यवहारको समन्वय गर्न राम्रो हुन्छ। सिकाइका क्रममा देखिएका समस्याको समाधानमा सिकारुलाई नै उत्प्रेरित गर्नु पर्छ (फ्रिमेन र एन्डर्सन, सन् २०१६)। यसका लागि शिक्षक

सहजकर्ताका रूपमा रही सिकारुलाई खोजकार्यमा सक्रिय गराउनुपर्छ। सिकाइ सहजीकरणका क्रममा सिकारुलाई स्वतन्त्रता, सहयोग र सम्मानको वातावरण निर्माण गराइरहन सान्दर्भिक हुन्छ। सिकारुमैत्री भाषा, सामग्री, विधि र कार्यकलापको उपयोग गराई सहयोगात्मक सिकाइमा जोड दिएर सिकारुलाई सिकारुमा समान अवसर प्रदान गर्न जरुरी हुन्छ । यसबाट सिकारुको सिकाइमा स्थायी परिवर्तन ल्याउनु र कक्षाकोठाको सिकाइबाटै न्यायपूर्ण समाजको निर्माण गराउने संस्कारको विकास गराउनु (शर्मा, २०८१, पृ. २५८-२५९) आजको आवश्यकता हो ।

अझ पनि हाम्रा सिकाइ सहजीकरण कार्य पर्याप्त मात्रामा सिकारुमैत्री, अन्तर्क्रियात्मक, सहयोगात्मक, खोजमूलक, परियोजनाकेन्द्रित र समूह कार्यमा आधारित बन्न नसकेको देखिन्छ । पछाडि बस्ने, कमजोर क्षमताका र जातिगत तथा भाषागत पृष्ठभूमि फरक भएका सिकारुले सिकाइमा पर्याप्त अवसर पाउन सकेको देखिँदैन । यसका लागि सिकाइ सोपान (व्यक्तिगत सिकाइ, जोडीमा सिकाइ, समूहगत सिकाइ र समग्र कक्षागत सिकाइ) मा जोड दिई सिकाइलाई विविधतापरक र सहकार्यमा आधारित बनाउन आवश्यक छ ।

सिकाइ सहजीकरणलाई जिज्ञासामूलक, अन्तरक्रियात्मक र विश्लेषणत्मक बनाउँदै अर्थपूर्ण बनाउन जरुरी हुन्छ। अझ सिकाइ सहजीकरणलाई उपलब्धिमूलक बनाउन सिकारुको शैक्षणिक (सरलबाट जटिलतिर, ज्ञातबाट अज्ञाततिर, मूर्तबाट अमूर्ततिर, प्रत्यक्षबाट अप्रत्यक्षतिर र सामान्यबाट विशिष्टतिर) तथा मनोवैज्ञानिक (सिकारुको रुचि, क्षमता, आवश्यकता, स्तर, पूर्व अनुभव) पक्ष महत्त्वपूर्ण हुन्छन् । सिकारुले शिक्षकबाट भनेका आधारमा भन्दा गरेर सिक्छन् । यसका लागि विद्यार्थीलाई पुस्तकालय कार्यतर्फ अभिरुचि बढाई पूरक सामग्रीको उपयोगमा अभ्यस्त गराउनाले उनीहरूको सिकाइ जीवन्त बन्छ । यसका लागि परियोजना कार्य गराउन राम्रो हुन्छ ।


## विशेष शैक्षणिक नमुना (मोडेल) र कार्यकलाप

विद्यालय तथा विश्वविद्यालय तहको शिक्षण सिकाइलाई प्रभावकारी बनाउन थुप्रै शैक्षणिक नमुना र कार्यहरू उपयोगमा ल्याइएको छ । तिनीहरूमध्ये केही नमुना (मोडेल) लाई यहाँ क्रमशः उल्लेख गरिएको छ :

**एबिसी सिकाइ नमुना :** यस सिकाइ योजनालाई क्रमशः उत्प्रेरणाको चरण (एन्टिसिफेएन फेज), ज्ञान निर्माणको चरण (विल्डिङ नलेज) र सुदृढीकरणको चरण (कन्सोलिडेसन फेज) का रूपमा उपयोग गरिन्छ । उत्प्रेरणाको चरणमा विषय प्रवेश, प्रस्तावना, ध्यान केन्द्रित, विशेष कार्यद्वारा विद्यार्थीमा मस्तिष्क भन्भा गराइन्छ (क्राओफोर्ड र अन्य, सन् २०१०, पृ. ६७) यसै गरी दोस्रो चरणमा विषय केन्द्रित व्याख्या, छलफल, प्रश्नोत्तर, अन्तरक्रिया, खोज प्रस्तुतीकरण, अभ्यास, समस्या समाधान, व्यक्तिगत, जोडीगत, समूहगत र कक्षागत कार्यद्वारा ज्ञानको निर्माण गराइन्छ । यसै गरी तेस्रो चरणमा मूल्याङ्कन पुनर्सिर्जन ज्ञानको उत्पादन र ज्ञानलाई स्थायित्व प्रदान गर्ने कार्य गरिन्छ । यसलाई चित्र १ द्वारा थप स्पष्ट पारिएको छ :

**चित्र १**

*एबिसी सिकाइ नमुना*




**एबिसी सिकाइ नमुना**

(क्राओफोर्ड र अन्य, सन् २०१०, पृ. ४८)


चित्र १ का अनुसार एबिसी सिकाइ नमुनाको पहिलो चरणलाई ५ मिनेट, दोस्रो चरणलाई ३० मिनेट र तेस्रो चरणलाई ५ मिनेट समय निर्धारण गरिएको छ । दोस्रो चरणमा पर्याप्त शिक्षक, विद्यार्थी अन्तर्क्रियाका साथ अभ्यासात्मक कार्यकलाप गराइन्छ । विद्यालय तहदेखि विश्वविद्यालय तहसम्म यस प्रकारको शिक्षण नमुनाको उपादेयता रहिआएको छ ।

**थ्रिपी सिकाइ नमुना :** यस नमुनालाई क्रमशः प्रस्तुतीकरण (प्रिजेन्टेन्स), अभ्यास (प्राक्टिस) र उत्पादन (प्रोडक्ट) का रूपमा उपयोग गरिन्छ । यसलाई सिकारुमैत्री विधि वा नमुनाका रूपमा लिइन्छ । यसमा पाठ्यवस्तुको शिक्षण गर्दा प्रस्तुतीकरण, अभ्यास र

उत्पादनलाई एकीकृत रूपमा सिकाइन्छ । यसमा सर्वप्रथम पाठ्यवस्तुमा आधारित पाठ वा सन्दर्भको प्रस्तुति हुन्छ । प्रस्तुतीकरण उपर प्रशस्त अभ्यास, छलफल र पृष्ठपोषण हुन्छ (थर्नवरी, सन् २००२, पृ. १२८) र अन्त्यमा सिकारुले पूर्व संरचनामा आधारित भई सिर्जनात्मक र उत्पादनात्मक कार्य गर्दछन् । यसलाई शिक्षक विद्यार्थीको सहकार्यबाट सफल बनाइन्छ । थ्रिपी सिकाइ नमुनालाई चित्र २ मा देखाइएको छ :

**चित्र २**

*थ्रिपी सिकाइ नमुना*




(पौडेल, २०७९, पृ. १०१-१०८)


चित्र २ का अनुसार सिकाइ सहजीकरण कार्यमा प्रस्तुतीकरण, अभ्यास र उत्पादनको महत्त्वपूर्ण भूमिका रहन्छ । उत्पादनलाई सिकाइको माथिल्लो तहका रूपमा लिइन्छ । यसले सिर्जनात्मक र नवज्ञानको निर्माणको अपेक्षा गर्छ । विश्वविद्यालय तहका सबै कक्षामा यस सिकाइ नमुनालाई प्रभावकारी रूपमा उपयोग गर्न सकिन्छ । यसका लागि शिक्षक-विद्यार्थीबिचको सहकार्य आवश्यक हुन्छ ।

***कार्यमूलक अनुसन्धान सिकाइ नमुना (मोडल) :*** परम्परागत सैद्धान्तिक अनुसन्धानका विपरीत कार्यमूलक अनुसन्धानमा शोधार्थीबाट समस्यामा आधारित भएर समाधानको खोजी गरिन्छ । यसमा सर्वप्रथम सिकाइ समस्याको पहिचान गरिन्छ । दोस्रो चरणमा उक्त समस्या समाधान गर्न योजना बनाइन्छ । शिक्षक विद्यार्थी अभिभावकलगायत आवश्यकतानुसार

सहयोगात्मक भावनाका साथ तेस्रो चरणमा योजनाअनुसार कार्य गरिन्छ । कार्यपछि चौथो चरणमा अवलोकन गरिन्छ (आचार्य, सन् २०२२) र अन्त्य अर्थात् पाँचौं चरणमा प्रतिबिम्बन लिएपछि यिनै पाँच चरणलाई निरन्तरता दिने वा नयाँ योजना बनाउने भन्ने निर्णय गर्न सकिन्छ । कार्यमूलक अनुसन्धान सिकाइ नमुनालाई चित्र ३ मा देखाइएको छ :

**चित्र ३**

*कार्यमूलक अनुसन्धान सिकाइ नमुना*




(आचार्य, सन् २०२२, जनवरी ३०)

चित्र ३ का अनुसार शिक्षण सिकाइका क्रममा देखिएका समस्याका आधारमा अर्थपूर्ण सिकाइ सहजीकरण कार्य गर्न सकिन्छ भन्ने तथ्य स्पष्ट हुन्छ । पछिल्लो समयमा परम्परागत अनुसन्धानबाट भन्दा कार्यमूलक अनुसन्धानबाट शिक्षण सिकाइ कार्यलाई प्रभावकारी बनाउन सकिने तर्क सबल बन्दै आएको छ । यस सन्दर्भमा तात्कालिक समस्यामा टेकेर त्यसका आधारमा योजना बनाई गरिने सिकाइ कार्य प्रभावकारी बन्ने देखिन्छ । निरन्तर रूपमा चक्रीय आधारमा गरिने यस प्रकारको सिकाइ कार्यलाई उच्च महत्त्व दिएर कार्यान्वयन गर्दा अपेक्षित उद्देश्य प्राप्त गर्न सकिन्छ ।

***टिप्याक सिकाइ नमुना (मोडल) :*** यसमा प्रविधि, शिक्षण सिकाइ र विषयवस्तु तीन ओटै पक्षलाई एकीकृत रूपमा सिकाइन्छ । पछिल्लो समय यी तीनओटामध्ये कुनलाई महत्त्व दिने भन्ने विषयमा मतान्तर देखिन्छ । कन्टेन्ट वा विषयवस्तुलाई सिकारुसमक्ष पुऱ्याउने सरल माध्यम शिक्षण सिकाइ प्रक्रिया हो । यसलाई प्रविधिसँग जोडेर सिकाउँदा अझ सरल र प्रभावकारी हुने पछिल्ला अध्ययनले देखाएको छ । स्लाइड, मेन्टिमिटर, ए.आइ., क्लाउड स्टोरेज, फेसबुक, युट्युब, ड्राइभ, एलएमएस, फ्लिप्ड पेडागोजी आदि (फ्याकल्टी अफ एजुकेसन, २०२४, पृ. ६०-६४) का माध्यमबाट क्विज, प्रश्नोत्तर, खेलजस्ता मनोरञ्जनात्मक शैलीले सिकाइ गराउन राम्रो हुन्छ । टिप्याक सिकाइ नमुनालाई चित्र ४ मा देखाइएको छ :

**चित्र ४**

*टिप्याक सिकाइ नमुना*





(शर्मा, २०८१, श्रावण ३१)

चित्र ४ का अनुसार सिकाइ सहजीकरणमा विषयवस्तु, प्रविधि र शिक्षण सिकाइ बिच सम्बन्ध रहेको स्पष्ट हुन्छ । अझ उच्च तहका विद्यार्थीका लागि त विश्वव्यापीकरणसँगै प्रविधिमैत्री सिकाइ वरदान साबित भएको छ । यसर्थ यी तीन पक्षको सन्तुलित उपयोगबाट नै शिक्षण सिकाइ सफल, प्रभावकारी र उद्देश्यमूलक बन्न पुग्छ ।

**फ्लिप्ड सिकाइ नमुना (मोडल) :** यो नमुना उच्च तहका लागि विशेष उपयोगी मानिन्छ । यसका आधारमा घरमा र शैक्षिक संस्था सबैतिर सिकाइ कार्य गर्न सकिने अवस्था रहन्छ । यसमा पढ्नुपर्ने विषयसँग सम्बन्धित सामग्री (अडियो, भिडियो, पुस्तक आदि) विद्यार्थीलाई भौतिक वा विद्युतीय माध्यमबाट पहिला नै पठाइन्छ । कक्षामा आएपछि उनीहरूलाई पढेका र तयार गरेका कार्यमा केन्द्रित रही सिकारुका ज्ञान सिप र अनुभवको उपयोग गराइन्छ । यसमा सिकारुमैत्री कार्यकलाप र अभ्यासद्वारा सक्रिय सिकाइ गराइन्छ (रेड्स्मा र अन्य, सन् २०१७, पृ. ३) । यसमा सिकारुलाई सिकाइमा स्वतन्त्रता, सम्मान र सहयोग हुन्छ । अन्त्यमा शिक्षकद्वारा आवश्यक प्रेरणा र पृष्ठपोषणका माध्यमबाट सफल सिकाइका लागि निरन्तर प्रयास गराइन्छ । फ्लिप्ड सिकाइ नमुनालाई चित्र ५ मा देखाइएको छ :

**चित्र ५**

*फ्लिप्ड सिकाइ नमुना*




(रेड्स्मा र अन्य, सम्पा. सन् २०१८, पृ. १५४-१५८)

चित्र ५ का आधारमा फ्लिप्ड सिकाइ नमुनाका बारेमा स्पष्ट धारणा बनाउन सकिन्छ । यस सिकाइ नमुनाअनुसार पढ्नु पर्ने विषयसँग सम्बन्धित सामग्री (श्रव्य, दृश्य, पाठ्य आदि)

विद्यार्थीलाई भौतिक वा विद्युतीय माध्यमबाट पहिला नै पठाइन्छ। कक्षामा आएपछि सिकारुका पूर्व ज्ञान, सिप र अनुभवको आदान प्रदान गराइन्छ । यसपछि सम्बन्धित पाठ्यवस्तुका विषयमा सिकारुमैत्री कार्यकलाप, अन्तरक्रिया, अभ्यास, प्रस्तुतीकरण जस्ता उपायद्वारा सक्रिय सिकाइ गरिन्छ। यसमा सिकारुलाई स्वतन्त्रतापूर्वक सिकाइमा संलग्न गराइन्छ। शिक्षकद्वारा आवश्यकतानुसार सहयोग, प्रेरणा, सम्मान र पृष्ठपोषण प्रदान हुन्छ । यसबाट सिकारुमा नव नव ज्ञान र सिपको विकास गर्न मद्दत मिल्छ। जुनसुकै समयमा पनि सिकारु सिकाइमा सहभागी हुन सक्ने भएकाले यो सिकाइ नमुनालाई उच्च तहमा विशेष महत्त्वका साथ लिइन्छ। यस सिकाइ नमुनालाई ब्लुमको संशोधित टेक्सोनोमीसँग सम्बन्धित छ।

**परियोजना कार्य केन्द्रित सिकाइ विधि (नमुना) :** कुनै निश्चित समयावधि तोकेर खास किसिमका कार्य पूरा गर्ने उद्देश्यका साथ सम्पन्न गरिने योजनाबद्ध कार्य परियोजना कार्य हो । यसमा व्यक्तिगत वा समूहगत सिकाइ कार्य गर्न सकिने हुन्छ । यसका लागि आआफ्नो विषयमा केन्द्रित गराई विभिन्न समस्या, मुद्दा वा कार्य गर्न लगाइन्छ। यसमा साथी साथी बिच सहकार्यमूलक, सिर्जनात्मक र व्यावहारिक ज्ञान तथा सिपको विकास गराउन मद्दत मिल्छ (फ्याकल्टी अफ एजुकेसन सन् २०२४, पृ. ३१-३२) । समूह विभाजन गर्दा लैङ्गिक, क्षेत्रगत, सिकाइ स्तर र भाषागत विविधताको प्रतिनिधित्वलाई ध्यान दिन आवश्यक छ। समाज, संस्कृति, भाषा, साहित्य, जीवन जगत्, दर्शन, खेलकुद, मनोरञ्जन जस्ता विधा केन्द्रित कार्य गर्न लगाउँदा उनीहरूबाट मौलिक ज्ञानको खोजी हुने देखिन्छ।

कक्षाको स्तर र विषयको प्रकृतिका आधारमा परियोजना कार्यका शीर्षक र कार्यकलाप फरक हुन्छन्। यसो भए तापनि उच्च तहका कक्षाहरूमा सामान्यतया सिर्जनात्मक, प्राज्ञिक र बौद्धिक परियोजना कार्यहरू दिन सकिन्छ। यस सम्बन्धमा पौडेलको अभिव्यक्ति छ- "खास गरी विद्यार्थीहरूलाई आफ्नै बलबुता र सामर्थ्यका आधारमा कुनै कुराको खोजविन, छानविन, सङ्कलन, परिवर्तन, सिर्जना, अध्ययन निर्माण आदि गरेर कक्षामा प्रस्तुत गर्न लगाउने, टीका टिप्पणी गर्न लगाउने र शिक्षकले पनि टिप्पणी गरी उपयुक्त पृष्ठपोषण दिने जस्ता शिक्षण सिकाइका प्रबर्द्धनात्मक काम गर्न र स्तरयुक्त कार्यका आधारमा प्रेरक प्रोत्साहन बढाउन परियोजना कार्य निकै उपयोगी मानिन्छ।" यस कथनलाई आधार मान्दा पनि उच्च तहमा अध्ययनरत विद्यार्थीहरूलाई कक्षाभित्र र बाहिर खोजमूलक सिर्जनात्मक कार्यका लागि

परियोजना कार्यलाई महत्त्वपूर्ण हुन्छ । नव नव ज्ञानको निर्माण र त्यसको विस्तारीकरणको आधार पनि परियोजना कार्य हो ।

**आलोचनात्मक सिकाइ नमुना :** शिक्षण सिकाइलाई गुरु वचनको आदर्श वाक्यका रूपमा मात्र नहेरी त्यसलाई आलोचनात्मक तथा सिर्जनात्मक कोणबाट भिन्न किसिमले पनि हेर्न सकिने मान्यतामा आलोचनात्मक सिकाइ नमुना आधारित छ । विशेष गरी पाउलो फ्रेइ (सन् २००५) ले आफ्नो पुस्तक *एजुकेसन फर क्रिटिकल कन्सियसनेस*मा यस मान्यतालाई लिपिबद्ध गरेका छन् । यसै गरी क्राओफोर्ड र अन्य (सन् २०१०) को पुस्तक *विश्लेषणात्मक चिन्तन शिक्षण र सिकाइ रणनीति*मा पनि आलोचनात्मक तथा विश्लेषणात्मक सिकाइलाई स्पष्ट रूपमा व्याख्या गरिएको पाइन्छ । व्यक्तिगत, जोडीगत, समूहगत र कक्षागत सिकाइ कार्यकलाप आलोचनात्मक सिकाइका आधार हुन् ।

आलोचनात्मक सिकाइका लागि सम्बन्धित पाठ्यवस्तुमा केन्द्रित भई सिकारुबाट बढीभन्दा बढी विचार वा दृष्टिकोणको अपेक्षा गरिन्छ । शिक्षक सहजकर्ता बनी विद्यार्थीबाट सिर्जनात्मक तथा आलोचनात्मक उत्तर खोजिन्छ । यसमा शिक्षक विद्यार्थी अन्तर्क्रियाका साथै सहयोगात्मक सिकाइ कार्य गराइन्छ । यसमा धेरै विद्यार्थी एकैपटक सिकाइमा सहभागी हुने खालका कार्यकलाप सञ्चालन गरिन्छन् । यस्ता कार्यबाट विद्यार्थीमा गहन तहको अध्ययन गर्ने, उत्प्रेरणा र मनोबल बढ्ने, अन्तरवैयक्तिक सिपको विकास हुने (क्राओफोर्ड र अन्य, सन् २०१०, पृ. ४९) हुन्छ । यस तरिकाबाट शिक्षण सिकाइ गर्दा उत्सुकता, ज्ञान आर्जन र सबलीकरणका चरण अवलम्बन गरिन्छ ।

आलोचनात्मक सिकाइद्वारा शिक्षण गर्दा एकल, युगल वा समूहमा सिकाइ कार्य गराउन सकिन्छ । यस क्रममा भूमिका निर्वाह, सामुहिक समझदारी, मेरो कुरा सकियो, एक बस्ने तीन छरिने, ग्यालरी सिकाइ, प्रस्तुतीकरण, अभ्यास, उत्पादन, एक पढ्ने, अरूले सोध्ने, समस्या साटासाट गर्ने, आपसी हेलमेल बढाउनेजस्ता कार्यकलाप गराउन सकिन्छ । व्यक्ति तथा समाजलाई सचेत बनाउने माध्यम शिक्षा भएकाले व्यक्तिका चिन्तन, सोच र आलोचनात्मक शक्तिलाई महत्त्व दिनुपर्ने मान्यता यसमा पाइन्छ । अतः जीवन र जगत्‌लाई

आलोचनात्मक दृष्टिले हेर्न सिकाउनाले समाज रूपान्तरण र विकासमा सहयोग पुग्ने हुँदा उच्च तहको शिक्षण सिकाइमा यस अवधारणालाई उपयोग गर्न सान्दर्भिक र आवश्यक हुन्छ।

**खेल र कला केन्द्रित सिकाइ नमुना (गेमिफिकेसन) :** शिक्षण सिकाइलाई समाजशास्त्रका विविध विषय (खेल, कला, साहित्य, ज्ञान विज्ञान आदिसँग पनि जोडेर सिकाउन उपयुक्त हुन्छ। सिकारुको सिकाइ शैली फरक हुने हुनाले खेल विधि, गणितीय विधि, समाजशास्त्रीय विधि, अन्तरवैयक्तिक विधि, साङ्गीतिक विधि, भ्रमण विधि आदिलाई पनि सिकाइमा उपयोग गर्न सकिन्छ। भाषिक खेलअन्तर्गत हाजिरीजवाफ, शब्ददौड, वाक्यदौड, कोठेपद, शब्दजाल, घेरामा जाने, बिचमा आउने खाली ठाउँ भर्ने, बहुवैकल्पिक प्रश्न, अन्ताक्षरी, चिठ्ठाखेल, अक्षर/शब्द चिनारी, हिज्जे/वर्णविन्यास मिलाउनेजस्ता कार्यकलापका माध्यमबाट छिटो र सरल तरिकाले सिकाइ गर्न सकिन्छ।

**टिम्स (TEAMS) केन्द्रित नमुना :** पछिल्लो समय शिक्षण सिकाइलाई सिप र बजार केन्द्रित बनाउन टिम्समा आधारित सिकाइलाई महत्त्व दिनुपर्ने मान्यता र कार्यको आरम्भ भएको छ। त्रि.वि. शिक्षाशास्त्र सङ्काय डिनको कार्यालयले विभिन्न चरणमा प्रदेशगत रूपमा सञ्चालन गरेको प्राध्यापकका लागि पेसागत क्षमता अभिवृद्धि तालिम यससम्बन्धी एक महत्त्वपूर्ण कार्य हो। शिक्षण सिकाइलाई उद्यमशीलतासँग जोडेर सिकाइलाई समाजकेन्द्रित आयआर्जनमुखी बनाउनु पनि उक्त कार्यक्रमको एउटा उद्देश्य हो (फ्याकल्टी अफ एजुकेसन, सन् २०२४, पृ. ६७-१०५)। यस कार्यका लागि शिक्षालाई विज्ञान (साइन्स), प्रविधि (टेक्नोलोजी), इन्जिनियरिङ, कला (आर्टस्) गणित (म्याथमेटिक्स) र सामाजिक शास्त्र (सोसल साइन्स) सँग सम्बन्धित गराउन जरुरी हुन्छ।

**अन्य :** माथि उल्लेख गरिएका अतिरिक्त एक्काइसौँ शताब्दीका सिपकेन्द्रित शिक्षण सिकाइ गराउनु आवश्यक छ। तिनीहरूमा मुख्य गरी आलोचनात्मक सोच, सहकार्यात्मक सिकाइ, सिर्जनशीलता, सञ्चार, राष्ट्रियता, जीवनोपयोगी सिप सिकाइ, चरित्र निर्माण, मानसिक विकास रहेका छन्। यसका साथै भाषा र व्याकरणलाई एकैसाथ सिकाउने एकीकृत विधि (सङ्कथनात्मक ज्ञान र सिप सिकाइ) महत्त्वपूर्ण रहेको छ। यसै गरी के डब्लु. एल. मोडल (नलेज : पूर्व ज्ञान, डब्लु : जान्न चाहेको कुरा र लर्निङ : जानेको कुरा)

लाई महत्त्व दिएर सिकाउनु राम्रो हुन्छ । यसका अतिरिक्त विद्यालय तथा विश्वविद्यालय तहको शिक्षण सिकाइमा फाइभ इ मोडल (इन्गेज : संलग्न, एकस्प्लोर : खोज, एक्सप्लेन : व्याख्या, इलाबोरेट : विस्तृति र इभालुएट : मूल्याङ्कन) महत्त्वपूर्ण देखिन्छ। यस्ता नमुनालाई आवश्यकतानुसार उपयोग गर्न आवश्यक छ । यिनीहरूमध्ये परियोजना केन्द्रित सिकाइ आलोचनात्मक सिकाइ नमुना, एबिसी सिकाइ नमुना र फ्लिप्ड सिकाइ नमुना महत्त्वपूर्ण छन्, यिनीहरूलाई उच्च तहको शिक्षण सिकाइमा उपयोग गर्न जरुरी हुन्छ ।

## निष्कर्ष

ज्ञानको आयाम अपरिमित हुन्छ। यस सन्दर्भमा ज्ञान कक्षाकोठाभित्र र बाहिर, प्रत्यक्ष र अप्रत्यक्ष तथा औपचारिक र अनौपचारिक सबै किसिमबाट प्राप्त हुन सक्छ। यसो भए तापनि उच्च तहमा ज्ञान निर्माणको आधार शिक्षक विद्यार्थी अन्तरक्रिया नै हो । यसका अतिरिक्त समूह कार्य, परियोजना कार्य र सहयोगात्मक सिकाइ महत्त्वपूर्ण रहेका छन् । निरन्तरको शैक्षणिक योजना र सोअनुसारको सिकाइ सहजीकरणका साथमा उत्प्रेरणा र पृष्ठपोषण सफल सिकाइका आधार हुन् । यसका अतिरिक्त समस्याकेन्द्रित सिकाइ, सिकारुको अभिलेख निर्माण र त्यसको कार्यान्वयनका साथमा निरन्तर मूल्याङ्कन र शिक्षकको आत्मप्रतिबिम्बनले अर्थपूर्ण सिकाइमा बल पुग्छ । यस तथ्यलाई उच्च तहका क्षणिक कार्यकलापमा आत्मसात् गर्न जरुरी हुन्छ ।

अबको उच्च शिक्षाको शिक्षण सिकाइलाई खोज र अनुसन्धानमा आधारित बनाउन आवश्यक छ । ज्ञानलाई सिपसँग र सिपलाई बजारकेन्द्रित आवश्यकतासँग जोड्नाले सिकारुको सिकाइ अर्थपूर्ण हुन जान्छ। यसर्थ सिकारुमा एक्काइसौँ शताब्दी अनुकूलका ज्ञान, सिप र दक्षताको विकास गराई उनीहरूलाई स्वावलम्बी बन्न सिकाउनु समयको माग हो र हाम्रा शैक्षणिक कार्यकलाप यसैतर्फ अभिमुख हुनु पर्दछ। भिगोत्स्की, जिन पियाजे, जोन डिबेलगायतको सामाजिक निर्माणवादी सिद्धान्तअनुसार सिकारुको सिकाइलाई समाज, संस्कृति, दर्शन, भाषा, साहित्य, मनोविज्ञान, भूगोल, गणितजस्ता विधासँग आबद्ध गराई सिकाउनाले उनीहरूमा ज्ञान निर्माणको आधार फराकिलो हुन्छ। यहाँ चर्चा गरिएका सन्दर्भको उपादेयता पाठ्यक्रम निर्माणदेखि यसको कक्षाकोठामा कार्यान्वयनको अवस्थासम्म रहन्छ ।

## सन्दर्भसूची


आचार्य, कमलप्रसाद (सन् २०२२, जनवरी ३०). पार्टीसिपेट्री एकसन रिसर्च. रिफ्लेक्सन इन्साइट्स एन्ड च्यालेन्जेज [विचार पत्र प्रस्तुत] प्राध्यापक बहस चौतारी ।

क्राओफोर्ड, ए.; सर, इ.; म्याथुज, एस. आर र मकिन्स्टर जे. (सन् २०१०), *विश्लेषणात्मक चिन्तन, शिक्षण र सिकाइ रणनीति.* (सम्पा : गुरूप्रसाद मैनाली र मोहन मैनाली). सामाजिक संवादका लागि सहकार्य ।

जु, एम् र ब्राउन, डी (सन् २०१५ स्प्रिङ). *एजकेसनल लर्निङ थ्योरिज,* https://oer.galileo.usg.edu/education.textbooks/1

पौडेल, माधवप्रसाद (२०७९). *भाषिक विधा शिक्षण.* विद्यार्थी पुस्तक भण्डार ।

फ्रिमेन, डी.एल. र एन्डर्सन, एम (सन् २०१६), *टिचिङ एन्ड प्रिन्सिपल इन ल्याङ्वेज टिचिङ,* अक्सफोर्ड युनिभर्सिटी प्रेस ।

फ्रेइ, पी. (सन् २००५). *एजुकेसन फर क्रिटिकल कन्सियसनेस.* कन्टिनम् ।

फ्याकल्टी अफ एजुकेसन (सन् २०२४). *फ्याकल्टी प्रोफेसनल क्यापासिटी इनहेन्समेन्ट प्रोग्राम* (पिसिइपी). त्रिभुवन विश्वविद्यालय ।

भिगोत्स्की, एल. एस (सन् १९७८). *माइन्ड एन्ड सोसाइटी.* हार्डवर्ड युनिभर्सिटी प्रेस ।

भिगोत्स्की, एल. एस (सन् १९८६). *थर्ट एन्ड ल्याङ्वेज.* एम आइटी प्रेस ।

रिचर्डस, जे.सी. र रोजर्स, टि.एस. (सन् २०१६). *एप्रोचेज एन्ड मेथड्स इन ल्याङ्वेज टिचिङ,* तेस्रो संस्क. क्याम्ब्रिज युनिभर्सिटी प्रेस ।

रेड्स्मा, के.; कभनग, एल.; हेडग्राफ्ट, आर. र स्मिथ, एन्. (सम्पा. सन् २०१७). *द फ्लिप्ड क्लासरुम, प्राक्टिस एन्ड प्राक्टिसेस इन हाइयर एजुकेसन.* स्प्रिङ्गर ।

शर्मा, विष्णुप्रसाद (२०८१ श्रावण ३१ र भाद्र १), नेपालको उच्च शिक्षामा उपयोग गर्न सकिने शिक्षण सिकाइका विधि र कार्यकलाप [अनुसन्धान पत्र प्रस्तुत], अनुसन्धान व्यवस्थापन समिति, म्याग्दी बहुमुखी क्याम्पस ।

शर्मा, विष्णुप्रसाद (२०८१). *नेपाली भाषा कक्षामा सिकाइ सहजीकरण,* [अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध]. त्रिभुवन विश्वविद्यालय, नेपाली शिक्षा विभाग ।

सङ्क, डी.एच् (सन् २०१२). *लर्निङ थ्योरिज एन् एजुकेसनल पर्सपेक्टिभ्स* (छैटौं संस्क.). www.pearsonhighered.com

हेरिस, कतिला (सन् २०१६). *फ्लिप्ड लर्निङ इन हाइयर एजुकेसन, अ केस स्टडी अफ द लिम्ड एक्स्पेरिएन्स अफ नर्सिङ फ्याकल्टी एन्ड स्टुडेन्ट* [अप्रकाशित विद्यावारिधि शोध प्रबन्ध]. अलबमा विश्वविद्यालय ।